## Publication Team

*Patron*

Campus Chief

Mr. Baburam Timalsena

*Chief Editor/ Co-ordinator*

Mr. Devi Niroula

*QAA Focal Person*

Mr. Mohan Kumar Subedi

*Editorial Team/ Member*

Mr. Madhav Prasad Regmi

Mr. Bijaya Hari Khatiwada

Mr. Maha Prasad Khatiwada

Published By

Public Information Committee

**MAHENDRA MORANG ADARSH MULTIPLE CAMPUS**

**BIRATNAGAR**

E-mail: info@mmamc.edu.np,

Url: www.mmamc.edu.np

# सम्पादकीय/प्रकाशकीय

## क्युएए प्राप्तिको प्रयासमा विशेष अभियान

सात दशक अघिदेखिको सत्प्रयास स्वरुप आजभन्दा ६५ वर्षअघि वि.सं. २०१२ साउन १६ गते स्थापित  महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, दोस्रो विश्वयुद्धले ल्याएको चेतना र विराटनगरको औद्यौगिक उन्नयनले यसलाई आमजनताको शिक्षा सूचना र सङ्गठनको केन्द्र बनाएको थियो । क्याम्पस भनेको प्राज्ञिक थलो हो । यसले सूचनाको विकासमा धेरै क्रान्ति ल्याएको छ । स्नातक, स्नातकोत्तर तहका विषयगत अनुसन्धान त यसको नियमित प्रक्रिया हो नै, साथै सामाजिक जीवनका विभिन्न क्षेत्रमा यसले अनुसन्धानमा पनि आफूलाई सक्रिय बनाएको गौरवपूर्ण इतिहास छ । अहिलेको युग सूचना र प्रविधिको युग हो । शिक्षा क्षेत्रमा विकास भएका विभिन्न प्रविधि, प्राप्त ज्ञान र सूचनालाई सम्प्रेषण गर्न सके मात्र यस्ता उपलब्धिको महत्व रहन्छ। यस्ता सूचना, अनुसन्धान, प्रविधि हस्तान्तरण, ज्ञानको हस्तान्तरण र विद्वत् विमर्शलाई अघि बढाउन विश्वविद्यालयहरुलाई विश्वविद्यालय अनुदान आयोगले सहयोग गरेर प्रशंसनीय कार्य गरेको छ । आयोगकै उत्प्रेरणा र सद्भावमा यस क्याम्पसले आफ्ना सम्पूर्ण शैक्षिक तथा सम्बन्धित क्रियाकलापलाई गुणस्तरयुक्त बनाई गुणस्तर सुनिश्चितता प्रत्ययन प्रमाण पत्र (QAA) प्राप्त गर्न प्रयास गरिरहेको पृष्ठभूमिमा यो बुलेटिनको प्रकाशन प्रारम्भ भएको हो । क्याम्पसमा भए गरेका घटनाहरु, सूचनाहरु, विभागका बारेमा जानकारी तथा विविध तथ्य र तथ्याङ्कलाई प्रस्तुत गर्ने हाम्रो प्रयास रहेको छ । यो बुलेटिनलाई अध्ययन अनुसन्धानमा सहयोगी हुने गरी क्रमशः विकास गर्दै लगिने छ । यस प्रकाशनमा क्याम्पस प्रशासन, विभागहरु, समितिहरुलगायत प्राध्यापक, कर्मचारी, विद्यार्थीबाट सहयोग र समन्वय प्राप्त भएको छ । यसका लागि सबैप्रति आभार प्रकट गर्दै प्रत्येक महिना बुलेटिन प्रकाशन गर्ने अभियानमा सम्बन्धित सबैबाट सहयोग, सूचना र सहकार्यको अपेक्षा गरिएको छ ।

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| Historical Background of MMAM Campus | 1 |
| क्याम्पस प्रमुख बाबुराम तिमल्सेनासँगको अन्तरवार्ता | २ |
| Major Committees of MMAM Campus | 4 |
| QAA सँग सम्बन्धित समितिहरू | ६ |
| ***News of Event*** | |
| 'स्पीक अप' मा महेन्द्र मोरङ विजयी | ८ |
| MMAMC Alumni Association | 9 |
| EMIS प्रतिवेदन सार्वजनिक | ९ |
| ***Social Networking*** | |
| उद्योग सङ्गठनसँग सहमति | १० |
| विराट आँखा अस्पतालसँग सहमति | ११ |
| नर्थ साउथ कलेक्टिभसँग सहमति | ११ |
| महेन्द्र मोरङ क्याम्पसमा भर्ना अभियान | १२ |
| What is QAA ? | 13 |
| BBM Program | 15 |
| आगामी अङ्कको विशेष आकर्षण | १७ |

# Historical Background of MMAM Campus

Mahendra Morang Adarsha Multiple Campus (MMAMC) is one of the oldest, most prestigious and leading academic institution of Province No 1. It is the constituent campus of TU. It was established in 1955 as Morang Intermediate College at Adarsha School Biratnagar 7 with 13 students by the initiation of the 11 members' intellectual society of Biratnagar. The committee was led by former Prime Minister Matrika Prasad Koirala. Other members of the committee comprises of : Ram Chandra Adhikari, Tolaram Dugar, Keshab Prasad Koirala, Govinda Bahadur Baruwal, Dr. Abadh Narayan, Gayan Chandra Sardar, Chaitu Lal Choudhari, Mukti Ram Marbadi and, Pratapnidhi Sharma. Narayan Prasad Aryal was appointed as the first principal of the college followed by Gopal Prasad Sharma. By 1958, construction of college building started in Biratnagar 12 near Road Shesh Chowk where the campus is situated at present and construction work was completed in 1961. College building was inaugurated by the then King Mahendra in 1967. After this event, the name of college became Mahendra Morang Campus. Implementation of New Education Policy was taken place in 1971 and Mahendra Morang College was converted into constituent campus of TU. By 1973, all the students of Adarsh College were transferred to Mahendra Morang Campus and the name of the campus became Mahendra Morang Adarsha Multiple Campus. By 1976, the full name of the campus was Mahendra Morang Adarsha Multiple Central Campus because there was TU Dean Office of Management Faculty. As Dean Office again returned to Kathmandu, the Name of this campus changed as Mahendra Morang Adarsha Multiple Campus. The campus is situated in its own 22 Bigha of land and its surrounding is beautiful due to the presence of large laying field and green trees around the campus. There is student friendly learning and natural environment in the campus.

The physical infrastructure of the campus is as follows:

i. Main Building: two floors 58 rooms (class rooms, laboratories and offices)
ii. Administrative Building: 20 rooms (offices, stores)
iii. Tahara: 26 rooms (offices, class rooms)
iv. Golchaa Boys Hostel: useless (red sticker)
v. Ladies Hostel: useless (red sticker)
vi. Campus Hostel: useless (red sticker)
vii. Meeting Hall (Samiksya)
viii. Teacher/Staff Quarters:18 blocks each with 3 rooms
ix. LibraryBuilding : (Two floors)
x. Office Attendant Quarters: number 5 rooms 10
xi. BBA Cottages:8 rooms (class rooms)
xii. Newly Constructed Science Building:( 10 class rooms, 4 labs, 1 store, 4 offices )
xiii. Separate offices for TU Teacher's Union, Campus Unit, TU Employ's Union, Campus Unit and Free Student Union in separate buildings
xiv. Canteen

All the physical infrastructures of the campus except newly constructed science building are old and virtually outdated. Strategic planning mainly focuses for the renovation and reconstruction of required physical infrastructure for the smooth operation of academic programs in the campus.

**Interview**

# महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगरका क्याम्पस प्रमुख बाबुराम तिमल्सेनासँगको अन्तरवार्ता

- **महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको वर्तमान अवस्था कस्तो छ ?**



अहिले महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस अग्रगति तर्फ लम्किदै छ । विश्वविद्यालय शिक्षाबाट प्रवीणता प्रमाणपत्र तह हटाएपछि क्याम्पसमा विद्यार्थी स्वात्तै घटेका थिए । यसले क्याम्पसलाई केही समस्यामा पारेको थियो । त्यसपछि विद्यार्थीमा यो क्याम्पसप्रति पहिले जस्तो आकर्षण थियो त्यस्तै अवस्थामा फर्काउन हामीले शैक्षिक सुधारका कार्यक्रमलाई अगाडि बढायौं । कस्ता जनशक्ति बजारमा बिक्न सक्छन् ? अहिलेका विद्यार्थी के चाहन्छन् ? लगायतका विषयमा अनुसन्धान गरेर त्यो अनुसारका युग सुहाउँदा नयाँ कार्यक्रम सञ्चालन गर्ने एवम् शिक्षण पद्धति र प्रणालीमा सुधार गर्ने क्रममा क्याम्पस छ । निकट भविष्यमै आठ, दश हजार विद्यार्थीले पढ्न सक्ने देशकै अग्रणी शिक्षण संस्थाका रूपमा विकास गर्ने पथमा क्याम्पस लम्किरहेको छ ।

- **हालको अवस्थाबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्टि विकासको बाधक हुन्छ । संस्कृतमा, "असन्तुष्टा ति जानष्टा सन्तुष्टास्य महिपति" भनिएको छ । केही गर्छु भन्ने मानिसले सन्तुष्ट हुनुहुँदैन । सन्तुष्ट भयो भने विकास र प्रगति ठप्प हुन्छ । त्यसैले सन्तुष्ट त म छैन । तर पनि मैले शुरू गरेका कामले राम्रो परिणाम दिन थालेको अनुभूति भइरहेको छ ।

- **के कस्ता नयाँ कुराको शुरूवात गर्नुभएको छ ?**

शैक्षिक सुधारका लागि आधुनिक प्रविधिबाट पढाउन थालिएको छ । अभ्यासमा आधारित शिक्षण पद्धतिबाट अध्यापन गर्न शुरू गरिएको छ । राम्रो सिकाइका लागि त्यसअनुसारको वातावरण पनि आवश्यक पर्ने हुनाले त्यसै अनुरूप पूर्वाधार विकासमा जोड दिइएको छ । प्राध्यापक तनावमा छ भने उसले राम्ररी अध्यापन गर्न सक्दैन । विद्यार्थी पनि तनावमा छ भने प्राध्यापकले पढाएको कुरा उसले ग्रहण गर्न सक्दैन । त्यसैले त्यो तनाव भुल्ने खालको वातावरण हुनुपर्छ । क्याम्पस छिर्दा नै बाहिरको तनाव बिर्सेर अध्ययन अध्यापनमा दत्तचित्त भएर लाग्न प्रेरणा दिने खालको बगैंचा निर्माणको प्रक्रिया अघि बढेको छ । सरस्वती मन्दिर वरिपरि करिब सात कठ्ठा जग्गामा अत्याधुनिक बगैंचा निर्माण हुनेछ । राष्ट्रपति विद्यादेवी भण्डारीको पहलमा पुस्तकालयको भवन पुनःनिर्माणका लागि यो वर्ष पाँच करोड रूपैयाँ आउँदैछ । केही समयपछि टेण्डर निकालेर निर्माण कार्य अघि बढ्छ । ३२ करोड आठ लाख रूपैयाँ लागतको यो परियोजना सम्पन्न भएपछि पुस्तकालयले अत्याधुनिक ई-लाईब्रेरीको रूप धारण गर्नेछ । बि. बि. ए. का लागि भवन अभाव छ । पुस्तकालयभन्दा दक्षिणतर्फ भवन बनाउने योजना छ । त्यसैगरी भारतीय दूताबासले बनाइदिदै गरेको भवनभन्दा दक्षिणतर्फ केमेस्ट्रीका लागि भवन बनाउने लक्ष्य छ । परीक्षा सञ्चालन गर्दा कक्षा स्थगित गर्नुपर्ने अवस्थाको अन्त्य गर्न एक हजार विद्यार्थी अट्ने ठूलो कक्ष भएको भवन बनाउन खोजिरहेका छौं । यो शैक्षिक सत्रदेखि शिक्षाशास्त्रतर्फ स्नातकोत्तर तहको कक्षा सञ्चालन हुँदैछ । स्नातक र स्नातकोत्तर तहका अन्य कार्यक्रम ल्याउने, विद्यावारिधी गर्ने, देशकै अब्बल अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने योजना छ । शुद्ध तातो चिसो पानी उपलब्ध गराउने व्यवस्था हुँदैछ । क्याम्पसको सम्पत्ति संरक्षण गर्न घेराबेरा गर्ने योजना बनाइएको छ । क्याम्पस गुणस्तर सुनिश्चितता प्रत्ययन (क्युएए) लिने क्रममा छ । यसले पनि क्याम्पसमा आमूल परिवर्तन गर्नेछ ।

- **गुणस्तर सुनिश्चितता प्रत्ययन (क्युएए) भनेको के हो ?**

अध्ययन अध्यापनका लागि आवश्यक पर्ने पूर्वाधार पुरा भए नभएको मापन गर्ने पद्धति हो गुणस्तर सुनिश्चितता प्रत्ययन (क्युएए) भनेको । अध्ययन अध्यापन गर्नका लागि के कुरा पुरा भएका छैनन् ? ती पुरा नभएका आवश्यक कुरा पुरा गराउने काम यसले गर्छ । यसले क्याम्पसको भौतिक पूर्वाधारको विकास, स्वास्थ्य सेवा, बाहिरी संघ संस्थाहरूसँगको सम्बन्ध लगायतका विषयमा ध्यान दिन्छ । गुणस्तर सुनिश्चितता प्रत्ययन प्राप्त गरिसकेपछि यहाँ अध्ययन गरेका विद्यार्थी जहाँ पनि बिक्न सक्ने सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त गरेका गुणस्तरीय छन् भन्ने प्रत्याभूति पनि हो ।

## Interview

- **क्याम्पसका भवनहरू पुराना र जीर्ण छन् । पुरानो जनशक्तिबाट अहिलेको प्रविधियुक्त कार्य गर्नुपर्ने अवस्था छ । यी पूर्वाधारहरू, गुणस्तर सुनिश्चितता प्रत्ययन प्राप्त गर्न पर्याप्त छन् ?**

गुणस्तर सुनिश्चितता प्रत्ययन प्राप्त गर्नका लागि जुनसुकै कुरा पनि सूक्ष्म किसिमले हेर्ने र विश्लेषण गर्न सक्ने हुनुपर्छ । तर यहाँका सबै शिक्षक कर्मचारी यो क्षमताका छैनन् । तल्लो तहमा प्रवेश गरेका कर्मचारी उक्लिदै उक्लिदै माथिल्लो तहमा पुगेका छन् । त्यसैले शिक्षक कर्मचारीले यो रूपमा आफूलाई परिष्कृत र अद्यावधिक गर्नुपर्छ । र विश्वविद्यालयले पनि अहिलेको जनशक्ति समयसापेक्ष छ कि छैन भन्ने विषयमा अध्ययन अनुसन्धान गरेर यसलाई सुहाउँदो कर्मचारी व्यवस्थापन गर्नेतर्फ सोच्नुपर्छ । भवन पुराना र जीर्ण भन्ने सवालमा हामीले एक सय आठ कोठाको भवन बनाउने सोच पनि बनाएका छौं । अहिले भएका भवन जीर्ण र कामै नलाग्ने अवस्थाका पनि होइनन् त्यसैले मरमत सम्भार गरेर पनि काम गर्न सकिने अवस्था छ ।

- **गुणस्तर सुनिश्चितता प्रत्ययन प्राप्त गरेपछि विद्यार्थीले के पाउँछन् ? क्याम्पसले के पाउँछ ?**

गुणस्तर सुनिश्चितता प्रत्ययन प्राप्त गरिसकेपछि विद्यार्थीको शैक्षिक प्रमाण पत्रमै त्यसको छाप लाग्ने हुनाले विश्वको जुनसुकै कुनामा पनि उसलाई अवसर प्राप्त गर्न सजिलो हुन्छ । अभ्यासमा आधारित शिक्षण पद्धति र अनुसन्धानलाई जोड दिने भएकाले यहाँ उत्पादित विद्यार्थीले जस्तोसकै समस्या पनि समाधान गर्ने क्षमता राख्छन् । अभ्यासमा आधारित प्रयोगात्मक र अनुसन्धानमा जोड दिएर अध्यापन गर्नुपर्ने भएकाले प्राध्यापकहरूले आफूलाई परिष्कृत र अद्यावधिक गर्नुपर्ने हुन्छ । फलस्वरूप शिक्षक कर्मचारी सबै लाभान्वित हुन्छन् । उच्च गुणस्तरका विद्यार्थी उत्पादन हुन थालेपछि क्याम्पसको साख बढ्ने नै भयो । नगद पाउँदा मात्र फाइदा भयो भन्ने मान्यता अहिले बढी प्रचलित छ । तर नगद प्राप्त गरेजस्तो तत्काल फाइदा नदेखिए पनि गुणस्तर सुनिश्चितता प्रत्ययनबाट शिक्षक, कर्मचारी, विद्यार्थी सबै लाभान्वित हुनेछन् ।

- **कति समयभित्र गुणस्तर सुनिश्चितता प्रत्ययन पाउने गरी कार्य सञ्चालन गरिरहनु भएको छ ?**

एक वर्षभित्र गुणस्तर सुनिश्चितता प्रत्ययन पाउने हाम्रो लक्ष्य छ । यो प्राप्त गर्ने भनेको कोही एउटाले गरेर हुने होइन । यो समूहको कार्य हो । त्यसका लागि विभिन्न समिति उपसमितिहरू बनाइएका छन् । सबै समिति उपसमितिहरूले कार्यतालिका नै बनाएर योजनाबद्ध तरिकाले काम गरिरहेका छन् । क्याम्पसका प्राध्यापक, कर्मचारी सबै डटेर लाग्नु भएको छ । उहाँहरूको लगन, प्रयास हेर्दा हामीले तोकिएको समय अगावै गुणस्तर सुनिश्चितता प्रत्ययनको मापदण्ड पुरा गर्नेमा म विश्वस्त छु ।

- **अहिलेको क्याम्पसको अवस्था हेर्दा यो सम्भव छ ?**

खानेमुखलाई जुँगाले छेक्दैन भन्ने नेपालीमा उखान छ । काम नगर्नेका लागि यहाँ बहाना धेरै छन् । तर मैले अघि पनि भने यहाँका प्राध्यापक कर्मचारीको लगन, मेहनत, प्रयास हेर्दा गुणस्तर सुनिश्चितता प्रत्ययनको मापदण्ड पुरा गर्न सम्भव छ । सम्भव गर्छौं ।

- **बाँकी काम गर्न के कस्ता चुनौतीहरू छन् ?**

चुनौतीहरू प्रशस्त छन् । पुरानो मानसिकताका प्राध्यापक र कर्मचारी पनि यसका चुनौती हुन् । जिम्मेवार बन्न नचाहने, क्याम्पसको काममा संवेदनशील नहुने जस्ता बानी भएका प्राध्यापक र कर्मचारी यसका चुनौती हुन् । अहिले पनि यो किन लिनुपर्‍यो भनेर केहीले भन्दै छन् । तर त्यसो होइन हामीले भोलिका दिनमा यो देश हाँक्न सक्ने कर्मठ नागरिक उत्पादन गर्ने गहन जिम्मेवारी बोकेका छौं । अनि हजारौं किशोर किशोरीको भविष्यका विषयमा हामी संवेदनशील हुने कि नहुने भन्ने प्रश्न पनि हो । यही अवस्था छाड्ने हो र हामी जिम्मेवार नहुने हो भने क्याम्पसको अस्तित्व सङ्कटमा पर्छ । त्यसपछिको अवस्था सबै प्राध्यापक कर्मचारीले मनन गर्नुहुनेछ र यसलाई सफल बनाउन सबै लाग्नुहुनेछ भन्नेमा म विश्वस्त छु । अर्को चुनौती सबै क्षेत्रमा बढ्दो राजनीतिकरण हो । तर जे जस्ता चुनौती भएपनि त्यसलाई चिरेर गुणस्तर सुनिश्चितता प्रत्ययन प्राप्त गर्न क्याम्पस लागिपरेको छ । तोकिएकै समयमा त्यो प्राप्त गरिनेछ ।

- **गुणस्तर सुनिश्चितता प्रत्ययन प्राप्त गरिसकेपछि महेन्द्र मोरङ क्याम्पसलाई देशको कतिऔं स्थानमा पुर्‍याउनुहुन्छ ?**

महेन्द्र मोरङ क्याम्पस ऐतिहासिक महत्व बोकेको क्याम्पस हो । अहिले पनि यहाँ अध्ययन गरेका विद्यार्थी राज्यका महत्वपूर्ण निकायमा छन् । त्यसैले महेन्द्र मोरङ क्याम्पस पहिले पनि अब्बल थियो । बिचमा केही खस्किएजस्तो देखिएको भएपनि अहिले फेरि पुरानै अवस्थामा फर्किएको छ । क्याम्पसको शैक्षिक स्तर सुधारेर देशकै पहिलो क्याम्पस बनाउन सबै प्राध्यापक कर्मचारीले अथक मेहनत गरिरहेका छन् । त्यसैले देशकै एक नम्बर क्याम्पस बनाउन मलगायत हाम्रो सबै टीम लागिपरेको छ ।

- **अन्त्यमा केही भन्नुहुन्छ ?**

आफ्नो व्यक्तिगत र पारिवारिक स्वार्थबाट माथि उठेर अहिले यो क्याम्पसको श्रीवृद्धिमा लाग्नुपर्ने अवस्था छ । क्याम्पस रहेमात्र प्राध्यापक, कर्मचारी, विद्यार्थी हुने भएकाले राजनीतिभन्दा माथि उठेर क्याम्पसको शैक्षिक गुणस्तर बृद्धि गर्नुपर्ने आवश्यकता छ । त्यसैले यो पुण्यकार्यमा जुट्न प्राध्यापक, कर्मचारी, सबै विद्यार्थी संघ सङ्गठन, विद्यार्थी, अभिभावक नागरिक समाज सबैसँग आग्रह गर्दछु ।

**QAA Related Committee Information**

## Major Committees of MMAM Campus

### 1. Management Committee of MMAM Campus

The highest body for policy decision in the campus is Campus Management Committee (CMC).The structure of CMC is presented below.

**Campus Management Committee Structure.**

| S.N. | Status | Name | Representative/Position |
|---|---|---|---|
| 1 | **Chairperson** | **Babu Ram Timalsena** | **Campus Chief** |
| 2 | Member | Prof. Dr. Raj Narayan Yadav | HoD |
| 3 | Member | Devi Niraula | HoD |
| 4 | Member | Saroj Kumar Chaudhary | HoD |
| 5 | Member | Tara Prasad Yadav | Assistant Campus Chief |
| 6 | Member | Dr. Pramod Kumar Kherwar | Assistant Campus Chief |
| 7 | Member | Dr. Sushil Kumar Adhikari | Assistant Campus Chief |
| 8 | Member | Mohan Kumar Shrestha | Assistant Campus Chief |
| 9 | Member | Prof. Dr. Devendra Adhikari | Faculty Member |
| 10 | Member | Mahendra Narayan Karna | Faculty Member |
| 11 | Member | Hira Lal Kamat | Ward Chairperson |
| 12 | Member | Prof. Mahendra Narayan Yadav | Guardian |
| 13 | Member | Kabi Raj Neupane | Guardian |
| 14 | Member | Rajendra Raut | Educationist/Donor |
| 15 | Member | Mahesh Soni | Educationist/Donor |
| 16 | Member | Dr. Bimal Kumar Kantha | President, TU Teachers' Association, Campus Unit |
| 17 | Member | Pramod Kumar | President, TU Employ's Association, Campus Unit |
| 18 | Member | Representative of Free Student Union, Campus Unit | FSU |
| 19 | Member | Sabina Gautam | Chief, General Administration |
| 20 | Member | Bhupendra Rana | Chief, Finance Section |

### 2. Working Committee of MMAM Campus

Campus Management Committee is policy making body. Working committee or executive committee is policy implementing body. This committee has five members.

**Working Committee.**

| S.N. | Status | Name | Representative |
|---|---|---|---|
| 1 | Chairperson | Babu Ram Timalsena | Campus Chief |
| 2 | Member | Prof. Dr. Raj Narayan Yadav | HoD |
| 3 | Member | Prof. Dr. Devendra Adhikari | Faculty Member |
| 4 | Member | Mahendra Narayan Karna | Faculty Member |
| 5 | Member Secretary | Dr. Sushil Kumar Adhikari | Assistant Campus Chief |

The executive chief of the campus is Campus Chief. There are four Assistant Campus Chiefs to look overall programs of Faculties of Humanities and Social Science, Faculty of Management, Institute of Science and Technology and Faculty of Education.  Besides, there are Program Coordinators of self-sustained programs, research committee and head of the departments of different programs.

**QAA Related Committee Information**

**3. Strategic Planning Committee 2019 ( Formation Date: 2075.04.21)**

| | | |
|---|---|---|
| Co-ordinator | : | Prof. Dr. Devendra Adhikari |
| Member | : | Prof. Dr. Balaram Paudel |
| Member | : | Prof. Dr. Raj Narayan Yadav |
| Member | : | Mrs. Indira Prasain |
| Member | : | Dr. Bimal Kantha (President of TU Teachers Association, Campus Unit) |
| Member | : | Mr. Pramod Kumar Kayastha (President of TU Employee's Union, Campus Unit) |
| Member Secretary | : | Mr. Mohan Kumar Subedi |

**Strategic Planning Draft Committee**

| | | |
|---|---|---|
| Co-ordinator | : | Prof. Dr. Devendra Adhikari |
| Member | : | Prof. Dr. Balaram Paudel |
| Secretary | : | Mr. Mohan Kumar Subedi |

**4. EMIS Committee of MMAM Campus (Formation 2075.11.26)**

| | | |
|---|---|---|
| Coordinator | : | Prof. Dr. Devendra Adhikari |
| Member | : | Prof. Dr. BalaramPaudel |
| Member | : | Prof. Dr. Raj Narayan Yadav |
| Member | : | Mrs. Indira Prasain |
| Member Secretary | : | Mr. Mohan Kumar Subedi |



**QAA Related Committee Information**

## Quality Assurance Accreditation (QAA) सँग सम्बन्धित अन्य समितिहरू

**१) आई क्यु ए सी समन्वय समिति** (IQAC Co-ordination Committee)




म.मो.आ.ब.क्याम्पसले QAA निर्देशिकाअनुसार आई क्यु ए ए (IQAA) समन्वय समितिको मिति २०७६/०२/२७ गते क्याम्पस प्रमुख श्री वावुराम तिमल्सिनाको अध्यक्षतामा ४६ सदस्यीय समिति गठन गरेको छ । यस समितिमा निम्न प्राध्यापकहरू तथा कर्मचारीहरू हुनुहुन्छ । प्रा.डा. देवेन्द्र अधिकारी, श्री महेन्द्र नारायण यादव, प्रा.डा. नागेन्द्र प्रसाद साह, डा. शशीभूषण कर्ण, डा. कामेश्वर यादव, देवी निरौला, डा. उद्धव प्रसाद पोखरेल, ढक बहादुर मगर, इन्दिरा प्रसाई, डा. सत्यनारायण साह, डा.विमल कण्ठ, सिताराम चम्लागाई, डा. जीवन ढकाल, वेद प्रसाद सङ्ग्रौला, उमेश प्रसाद यादव, जयनारायण यादप, शौलेन्द्र शिवाकोटी, प्रमोद कुमार, डिल्ली पोखरेल, राधा अधिकारी, डा.रामप्रसाद कोइराला, बद्री बानियाँ, माधव रेग्मी, राम नारायण दास, भूषण ढुङ्गेल, विष्णु देव दास, अनिल अधिकारी, केदार प्रसाद ओझा, आनन्द प्रसाद चौधरी, मोहनलाल कर्ण, सविता प्रधान, हरिप्रसाद तिम्सिना, सविना गौतम, अनिता शर्मा पाण्डे हुनुहुन्छ । सहायक क्याम्पस प्रमुखहरू तारा प्रसाद यादव, डा. प्रमोद कुमार खेरवार, डा. सुशील कुमार अधिकारी र मोहन कुमार श्रेष्ठ सबै यसमा आवद्ध हुनुहुन्छ । यसका सदस्य–सचिव शैक्षिक प्रशासन प्रमुख गुदर प्रसाद यादव रहनु भएको छ ।

**२) आई क्यु ए सी (Internal Quality Assurance Committee)**

म.मो.आ.ब. क्याम्पसले QAA निर्देशिकाअनुसार (Internal Quality Assurance Committee (IQAC) समितिको क्याम्पस प्रमुख श्री बाबुराम तिमल्सिनाको अध्यक्षतामा ७ सदस्यीय समिति गठन गरेको छ । यस समितिमा निम्न प्राध्यापकहरू तथा कर्मचारीहरू हुनुहुन्छ । प्रा.डा. देवेन्द्र अधिकारी सदस्य सचिव, श्री महेन्द्र नारायण यादव, डा. विमल कण्ठ, तिलक गौतम, इन्दिरा प्रसाई, इन्द्र नारायण देव, तथा कर्मचारी मोहन कर्ण रहनु भएको छ ।

**३) QAA / Self Assessment Team (SAT)**




QAA को निर्देशिकाअनुसार प्रा.डा. देवेन्द्र अधिकारीको संयोजकत्वमा Self Assessment Team (SAT) को गठन मिति २०७६/०२/२७ गते गरिएको छ । यस समितिका अन्य सदस्यहरू प्रा.डा.बलराम पौडेल , श्री मोहन कुमार सुवेदी, श्री डा.अच्यूत राज कट्टेल र श्री जय कुमार महतो रहनु भएको छ ।

**४) Feedback (पृष्ठपोषण) समिति**

यस क्याम्पसमा सञ्चालनमा रहेका रहेका सम्पूर्ण कार्यक्रमहरूका लागि विद्यार्थी तथा सम्बन्धित विभिन्न सरोकारवालाहरूको Feedback लिने प्रयोजनका लागि श्री भूषण ढुङ्गेलको संयोजकत्वमा Feedback (पृष्ठपोषण) समितिको गठन मिति २०७६/०४/२१ गते गरिएको छ । यस समितिका अन्य सदस्यहरू डा.उद्धव प्रसाद पोखरेल र शिवचन्द्र चौधरीसमेत रहनु भएको छ । डा.शशित कुमार यादव सदस्य–सचिव हुनुहुन्छ

**५) काउन्सिलिङ तथा प्लेसमेन्ट समिति**

यस क्याम्पसमा सञ्चालनमा रहेका रहेका सम्पूर्ण कार्यक्रमहरूमा भर्ना गर्ने प्रयोजनका लागि क्याम्पस प्रमुख श्री बाबुराम तिमल्सिनाको अध्यक्षतामा ६ सदस्यीय काउन्सिलिङ तथा प्लेसमेन्ट समितिको गठन मिति २०७६/०४/२१ गते गरिएको छ । यस समितिका सदस्यहरू डा. राम कोइराला (विज्ञान), श्री मोहन कुमार सुवेदी (व्यवस्थापन), श्री डा.अच्युत राज कट्टेल (मानविकी) र बद्री पौडल (शिक्षा) रहनु भएको छ । यस क्याम्पसमा भर्ना हुनका लागि आउने विद्यार्थीको क्षमताअनुसार उचित परामर्श दिने, विद्यार्थीको चाहना र क्षमता अनुसार उपयुक्त कार्यक्रममा भर्ना हुन सहयोग गर्ने लगायतका काम, कर्तव्य र अधिकार यस समितिमा तोकिएको छ ।

**६) अनुगमन तथा सुझाव समिति** (Monitoring Committee)

यस क्याम्पसमा हुने गरेका विभिन्न क्रियाकलापहरूको अनुगमन गरी आवश्यक सुझाव पेश गर्ने प्रयोजनका लागि त्रि.वि. प्राध्यापक संघका सभापति डा. विमल कण्ठको अध्यक्षतामा ९ जना सदस्य रहेको समितको गठन मिति २०७६/०४/२१ गते गरिएको छ । प्रा.डा राजनारायण यादव, प्रा.डा. नागेन्द्र प्रसाद साह, डा. तुलसी निरौला, वेद प्रसाद सङ्ग्रौला, डिल्ली पोखरेल, सिताराम चम्लागाई, जय नारायण यादव र अर्जुन कर्ण यसका सदस्य रहनु भएको छ । क्याम्पस प्रशासन सङ्कायहरू र विभागहरूमा भएका कामका अनुगमन गर्ने सुझाव दिने लगायत जिम्मेवारी यस समितमा रहेको छ ।

**७) शैक्षिक गुणस्तर अनुगमन तथा सुझाव समिति** (Education Quality Monitoring and Supervison Committee)

क्याम्पसमा सञ्चालित सम्पूर्ण कार्यक्रमको शैक्षिक अवस्थाको अनुगमन गरी आवश्यकताअनुसार सुधारसमेत गर्ने प्रयोजनका लागि क्याम्पस प्रमुख श्री बाबुराम तिमल्सिनाको अध्यक्षतामा ११ जना सदस्य रहेको शैक्षिक गुणस्तर अनुगमन तथा सुझाव समितिको गठन मिति २०७६/०४/२१ गते गरिएको छ । समितिका सदस्यहरूमा सहायक क्याम्पस प्रमुखहरू ४ जना तारा प्रसाद यादव, डा. प्रमोद कुमार खेरवार, डा. सुशील कुमार अधिकारी र मोहन कुमार श्रेष्ठ हुनुहुन्छ । यस समितिमा प्राध्यापकहरू महेन्द्र कर्ण, सुनिता दाहाल, विनोद महासेठ, ढक बहादुर मगर, राम थापा र राधा ढकालसमेत हुनुहुन्छ । यस समितिले शैक्षिक कार्यक्रमको अनुगमन गर्ने, शैक्षिक गुणस्तरका सुधारका लागि सुझाव दिने तथा शैक्षिक गुणस्तरको सुधारका लागि Non-Credit Course को पाठ्यक्रम बनाउने लगायतका जिम्मेवारी पाएको छ ।

**८) एक्सटेन्सन एक्टिभिटिज कमिटि**

यस क्याम्पसले समुदाय र संघसंस्थाहरूसँग सहकार्य गर्ने तथा सामाजिक कार्य गर्ने प्रयोजनका लागि मिति २०७६/०४/२८ गते एक्सटेन्सन एक्टिभिटिज युनिट/ समितिको गठन गरिएको छ । चन्द्र प्रसाद उपाध्याय अध्यक्ष रहने गरी निर्मित यस समितिमा देवी पन्थी, राजेश यादव (प्रा.सं प्रतिनिधि), राजन बराल, अनिल अधिकारी र केशव ढकाल (कर्मचारी प्रतिनिधि) समेत ६ जना हुनुहुन्छ । समुदायसँग सहकार्य गर्ने, वातावरण संरक्षणप्रति जनचेतना जगाउने, विभिन्न संघसंस्थाहरूसँग सहकार्य गर्न MoU गर्ने, समाजमा चेतना अभिवृद्धिका लागि विभिन्न कार्य गर्नु यस युनिटका काम र कर्तव्य हुन् ।

**News of Event**

**९) Public Information Committee**

यस क्याम्पसमा हुने गरेका विभिन्न क्रियाकलापहरूका बारेमा समुदायलाई सूचना सम्प्रेषण गर्नका प्रयोजनका लागि देवी निरौलाको अध्यक्षतामा ४ जना सदस्य रहेको Public Information Committee को गठन मिति २०७६/०४/२८ गते गरिएको छ । समितिका सदस्यहरूमा माधव प्र. रेग्मी, विजय खतिवडा र महाप्रसाद खतिवडा रहनु भएको छ । यस समितिको QAA फोकल पर्सनमा मोहन कुमार सुवेदी रहनुभएको छ ।

क्याम्पसका प्रशासनिक, शैक्षिक, अर्थिक, अतिरिक्त क्रियाकलाप र निर्माणसम्बन्धी गतिविधि समेटर मासिक बुलेटिन प्रकाशन गर्ने, क्याम्पसका गतिविधिका बारेमा समुदायलाई विभिन्न तरिकाबाट सूचना सम्प्रेषण गर्ने, समुदायबाट आएका Feedback को सङ्कलन गरी Feedback समितिलाई सो जानकारी गराउने लगायतका कार्य यस समितिका काम र कर्तव्य हुन् ।

**१०) अलुम्नाई कोअर्डिनेशन कमिटि**

यस क्याम्पसमा पढेर समाजका विभिन्न क्षेत्रमा छरिएर रहनुभएका पूर्व विद्यार्थीहरूको साझा थलोका रुपमा म.मो.आ.ब क्याम्पस पूर्व विद्यार्थी मञ्च (MMAC Alumni Association) को गठन गर्ने प्रयोजनका लागि डा.उद्धव प्रसाद पोखरेल संयोजक र विष्णु देव दास तथा शैलेन्द्र शिवाकोटी सदस्य रहनु भएको कोर्डिनेसन कमिटिको गठन गरिएको छ । यस कमिटिले सम्पर्क, सूचना, सहकार्य र समन्वय गरी MMAC Alumni Association गठन गर्न पहल गर्ने छ ।

# News of Event

## 'स्पीक अप' मा महेन्द्र मोरङ विजयी




विराटनगरमा भएको 'स्पीक अप' प्रतियोगितामा आयोजक महेन्द्र मोरङ क्याम्पस प्रथम, मेरिल्याण्ड कलेज दोस्रो, इडेनवर्ग कलेज तेस्रो र सास्थम कलेजले सान्त्वनाको उपाधि हासिल गरे । महेन्द्र मोरङ क्याम्पसका बीबीए छैटौं सेमेस्टरका विद्यार्थीद्वारा समाजमा देखिएका विसंगति विरुद्धको आवाजको लागि सो कार्यक्रम आयोजना गरिएको थियो । विराटनगरका बीबीए, बीबीएम पढाइ भइरहेका कलेजका विद्यार्थीबीच सामाजिक विकृतिका विरुद्धको विषयका विभिन्न विधामा प्रतियोगिता गरिएको थियो ।

कार्यक्रम २०७६ साउन ३१ गते विराटनगरस्थित वीरेन्द्र सभागृहमा भएको हो । यसपूर्व साउन २८ गते सामाजिक विकृतिविरुद्ध ऱ्यालीसमेत आयोजना गरिएको थियो । कार्यक्रम संयोजक उद्गम मिश्रद्वारा कार्यक्रमहरूको संयोजन गरिएको थियो ।

## MMAMC Alumni Association

MMAMC Alumni Association को Co-ordination कमिटिको अग्रसरता, पहल र प्रयासमा क्याम्पसमा मिति २०७६/०५/०४ गते पूर्व विद्याथीको भेला गरी ११ सदस्यीय MMAMC Alumni Association को गठन गरिएको छ । यसका अध्यक्ष भीम घिमिरे चयन हुनु भयो । उपाध्यक्ष कृष्ण कार्की, सचिव लीला ढुङ्गेल, सहसचिव सञ्जु साह र कोशाध्यक्ष गंगा राई रहनु भएको छ । यसै गरी सदस्यहरूमा उद्दव भट्टराई र शिव अधिकारी चुनिनुभएको छ । बाँकी ४ जना सदस्य नव गठित समितिले छिट्टै थप गर्ने जनाएको छ । नव गठित समितिका अध्यक्ष भीम घिमिरेले क्याम्पस विकासमा सहयोग गर्न सङ्गठित हुन पाउनु अहोभाग्य भन्दै क्याम्पसको विकासमा सहयोग जुटाउने प्रतिबद्धता व्यक्त गर्नु भएको छ ।




## EMIS प्रतिवेदन सार्वजनिक

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगरले २०७६ भदौ ८ गते आइतबार EMIS प्रतिवेदन सार्वजनिक गरेको छ । एजुकेशन म्यानेजमेन्ट सिस्टम (EMIS) ले सन २०१८-२०१९ को प्रतिवेदन सार्वजनीकरण गरेको हो । क्याम्पस प्रमुख बाबुराम तिमल्सिना, वरिष्ठ प्राध्यापकद्वय डा अशोक कुमार र महेन्द्रनारायण यादव, EMIS समिति संयोजक प्राडा देवेन्द्र अधिकारी, EMIS का सदस्य प्राडा बलराम पौडेल, इन्दिरा प्रसाई, डा अच्युत कट्टेल र सदस्य सचिव मोहनकुमार सुवेदीले प्रतिवेदन संयुक्तरुपमा सार्वजनिक गर्नुभयो ।




प्रतिवेदनमा क्याम्पसको संस्थागत संरचना, शैक्षिक कार्यक्रमहरू, प्राध्यापक,कर्मचारी जनशक्ति, विद्यार्थी विवरण, विद्यार्थी शिक्षक अनुपात, वित्तीय गतिविधि, पुस्तकालयको अवस्था र निष्कर्ष प्रस्तुत गरिएको छ । क्याम्पस स्थापना भएको ६५ वर्षको इतिहासमा यसरी क्याम्पसको समग्र क्षेत्रलाई समेटेर प्रतिवेदन प्रकाशित भएको यो पहिलो हो ।

News of Event

# Social Networking

## उद्योग सङ्गठनसँग सहमति

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस र उद्योग सङ्गठन मोरङबीच संयुक्त बैठक बसी २०७६ साउन ३१ गते चार बुँदे सहमति गरिएको छ । क्याम्पसका तर्फबाट क्याम्पस प्रमुख बाबुराम तिमल्सिना एवम् उद्योग सङ्गठन मोरङका अध्यक्ष भीमप्रसाद घिमिरेको नेतृत्वमा सो सहमति भएको हो ।

छलफबाट भएको निर्णय यस प्रकार रहेको छ ।

१. प्रत्येक महिनामा एक दिन उद्योगी व्यवसायीबाट कक्षा लिने ।
२. सङ्गठनले गर्ने रोजगार मेलामा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका विद्यार्थीलाई सहभागी गराइने ।
३. क्याम्पस र सङ्गठनको सहकार्यलाई अझ प्रगाढ बनाउन सङ्गठनको तर्फबाट वरिष्ठ उपाध्यक्ष सुयस प्याकुरेल र क्याम्पसको तर्फबाट चन्द्र उपाध्यायलाई जिम्मेवारी दिइएको छ ।
४. महेन्द्र मोरङ बहुमुखी क्याम्पसको उन्नयनको लागि आगामी दिनमा दुई संस्थाबीचको सहकार्य र छलफललाई निरन्तरता दिने छ ।

उपरोक्त बमोजिमका सहमतिलाई विशेष समारोहका बीच सहमति पत्रमा हस्ताक्षर गर्ने अवधारणामा समेत दुबै संस्था सहमत भएका छन् ।



## विराट आँखा अस्पतालसँग सहमति

२०७६ साउन ३१ गतेका दिनमा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस र विराट आँखा अस्पतालबीच आँखा सम्बन्धी सचेतना, आँखा जाँच र आँखा उपचारमा सहकार्य गर्ने विषयमा सहमति गरिएको छ । क्याम्पसको तर्फबाट प्रमुख बाबुराम तिमल्सिना र अस्पतालको तर्फबाट सञ्चालक प्रकाश दाहालले सहमतिमा हस्ताक्षर गरेका थिए ।

उपरोक्त बमोजिमका सहमतिलाई एक कार्यक्रमबीच सहमति पत्रमा हस्ताक्षर गर्ने अवधारणामा समेत दुबै संस्था सहमत भएका छन् ।




## नर्थ साउथ कलेक्टिभसँग सहमति

२०७६ साउन ३१ गते क्याम्पस र नर्थ साउथ कलेक्टिभसँग ६ बुँदे सहमति गरिएको छ । क्याम्पसको तर्फबाट प्रमुख बाबुराम तिमम्सिना र कलेक्टिभको तर्फबाट राकेश मिश्रबीच  दुई पक्षीय सम्झौतामा हस्ताक्षर भएको हो ।

सहमतिमा अनुसन्धानात्मक कामका लागि पुस्तकालय सुविधा, शिक्षक तथा विद्यार्थीलाई अनुसन्धान कार्यको लागि सहयोग गर्ने जनाइएको छ ।

उपरोक्त बमोजिमका सहमतिलाई एक कार्यक्रम बीच सहमति पत्रमा हस्ताक्षर गर्ने अवधारणामा समेत दुबै संस्था सहमत भएका छन् ।

**News of Event**

## महेन्द्र मोरङ क्याम्पसमा भर्ना अभियान

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसले विद्यार्थी भर्ना अभियान शुरु गरेको छ। यसै शैक्षिक वर्षका २५ सय नयाँ विद्यार्थी भर्ना गराउने उद्देश्यका साथ २०७६ साउन २२ गते बुधबारदेखि क्याम्पसमा भर्ना अभियान चलाइएको हो ।

त्रिभुवन विश्वविद्यालयभन्दा पहिला २०१२ सालमा स्थापना भएको यस क्याम्पसमा विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षाशास्त्रको स्नातक तहका लागि पहिलो पटक भर्ना अभियान चलाउन भर्ना अभियान समितिका संयोजक मोहनकुमार सुवेदीले अग्रसरता लिनुभएको छ।




'क्याम्पसमा प्रवीणता प्रमाण-पत्र तह विस्थापन भएपश्चात् विद्यार्थी संख्या न्यून हुँदै गएकोमा पूर्ववत् विद्यार्थी सङ्ख्या कायम गर्न भर्ना अभियान सञ्चालन गरिएको हो । संयोजक सुवेदीले भन्नु भयो, 'क्याम्पसमा पठनपाठन हुने संकाय तथा विषयका बारेमा विद्यार्थी र तिनका अभिभावकलाई समेत जानकारी गराउने गरी अभियान सुरु गरिएको हो ।'

क्याम्पसको मुख्य भवनअगाडि मानविकी, शिक्षाशास्त्र, विज्ञान र व्यवस्थापन संकायका छुट्टाछुट्टै कक्ष राखिएको छ । क्याम्पस QAA प्राप्तिको दिशामा लागेकाले यही अन्तर्गत भर्ना अभियान पनि रहेको संयोजक सुवेदीले बताउनु भयो । भर्ना अभियानको उद्घाटनका अवसरमा क्याम्पस प्रमुख बाबुराम तिमल्सिना, त्रिवि प्राध्यापक संघ क्याम्पस एकाइका कोशाध्यक्ष राजन बराल, डा अच्यूत कट्टेल, जय महतो, विद्यार्थी नेताहरु अभिमन्यु यादव, जसवन्त पौडेल, तरूण खवास लगायतद्वारा भर्ना अभियानको महत्वबारे प्रकाश पारिएको थियो ।

त्रिभुवन विश्वविद्यालयभन्दा पहिले विराटनगरमा यो क्याम्पसको स्थापना २०१२ सालमा भएको हो। गौरवशाली इतिहास बनाएको क्याम्पस प्रमाणपत्र तह हटेसँगै विद्यार्थी संख्यामा कम देखिए पनि स्नातक तहमा बढेको र स्नातकोत्तर तहमा समेत पठनपाठन सुरुवात भएको छ।

एक दशकअघि प्रवीणता प्रमाणपत्र पढाइ हुँदासम्म ११ हजार विद्यार्थी अध्ययनरत थिए । अहिले स्नातक र स्नातकोत्तर गरेर तीन हजारको संख्यामा विद्यार्थी अध्ययनरत छन्। विद्यार्थी भर्ना र मासिक आउने शुल्क क्याम्पसको मूल आयस्रोत हो।

हाल क्याम्पसमा मानविकी, व्यस्थापन, विज्ञान र शिक्षा संकायतर्फ स्नातक र स्नातकोत्तर तहको अध्ययन अध्यापन हुँदै आएको छ। क्याम्पसमा स्थायी र अस्थायी गरी दुई सयभन्दा बढी प्राध्यापक कार्यरत छन्।

हाल स्नातक तहको भर्ना अवधिलाई लक्षित गरी अस्थायी रूपमा स्टलमार्फत् सुरु गरिएको भर्ना अभियानलाई स्थायी रूपमा सञ्चालन गर्न क्याम्पसमा काउन्सिलिङ एण्ड प्लेसमेन्ट युनिट स्थापना गर्न लागिएको क्याम्पस प्रमुख बाबुराम तिमल्सेनाले बताउनु भयो।

# What is QAA?

The University Grants Commission (UGC) has launched the Quality Assurance and Accreditation (QAA) programme, as an important aspect of reform in higher education in Nepal. Accordingly, a Quality Assurance and Accreditation Committee (QAAC) has been formed for the development and implementation of QAA activities in higher education in Nepal. The QAA Division in UGC has been established to facilitate QAAC and to perform regular activities related to

*Accreditation is the process by which authorized body evaluates the quality of a higher education institution as a whole or of a specific educational programme in order to formally recognize it as having met certain predetermined minimal criteria or standards. The QAA provides opportunities for institutions and their programs to assess their performance and their weaknesses.*

Thus, *accreditation is a process of quality assurance*, whereby a programme in an approved institution is critically appraised at intervals not exceeding five years to verify that the institution or the programme meets the norms and standards prescribed by the QAAC. Accreditation does not seek to replace the system of award of Degrees and Diplomas by the Universities and Boards of Technical Education. It, however, provides quality assurance that the academic aims and objectives of the institution are known to be honestly pursued and effectively achieved by mobilizing the resources currently available, and that the institution has demonstrated capabilities to ensure effectiveness of the educational programme(s), over the validity period of accreditation.

The result of this process is the awarding of a status (a *yes*/*no* decision), of accreditation, valid for a specified period of time. The process implies initial and periodic self-study and evaluation by external peers.

**OBJECTIVES OF QAA**

1. Facilitating higher education programmes, institutions and universities to develop quality assurance mechanisms by providing formats for self-assessment, peer reviews and quality audits
2. Recognizing the contribution of the various professional councils/societies interested in quality assurance,
3. Certifying the quality of the programmes and institutions on the basis of reviews, assessments and audits of the programs and the institutions
4. Offering quality advocacy in relation to measuring the equivalency of the various academic degrees earned from the universities across the world,
5. Helping the institutions to assess their strengths, weaknesses and opportunities through an information processing system, and
6. Making QAA a publicly popular move for an overall development of higher education in the country.

## QAA Awareness

**Why Quality Assurance Accreditation (QAA) ?**

The need and demand for accreditation has arisen because of rapid growth in the number and variety of educational institutions and programmes since 1990s in Nepal. The overwhelming objective of the accreditation process is to recognize and acknowledge the value-addition in transforming a student admitted to a programme/institution into a graduate with enhanced knowledge and an acceptable level of professional and personal competence. Some of the important aspects of QAA are listed in terms of following questions and answers.

**i) Why do higher education institutions need quality assurance?**

- ✓ to meet statutory requirements,
- ✓ to satisfy professional obligations,
- ✓ to meet stakeholders' expectations,
- ✓ to get internal and external confidence,
- ✓ to meet accountability for development.

**ii) What are the internal forces and procedures that influence the quality assurance?**

- ✓ university regulations,
- ✓ strategic planning,
- ✓ the role of the faculty and the university,
- ✓ programme design and approval,
- ✓ validation,
- ✓ reviews,
- ✓ annual course monitoring,
- ✓ student assessment and course monitoring, and
- ✓ teaching and learning processes.

**iii) What are the external forces that influence quality assurance?**

- ✓ regulatory bodies,
- ✓ international collaborators,
- ✓ funding,
- ✓ government requirements,
- ✓ external examiners and
- ✓ professional bodies.

Program Highlights

# BBM Program

## Introduction of BBM Program

Tribhuvan University has provided permission to begin Bachelor of Business Management (BBM) programme, at Mahendra Morang Adarsha Multiple Campus for the academic session of 2075/76. BBM is a four-year, eight semester program which intention is to skill development of students in various aspect like creative thinking, decision making, leadership, communication and increase understanding of operation and change It also enhance students a range of competencies in problem analysis and solving techniques, business skills. The Bachelor's degree in Business Management aims to equip the students with the required conceptual knowledge of business and administration to develop a general management perspective in them, It develops required attitudes, abilities and practical skill in students, develop students enterpreneurial and innovative capabilities and successful management of business operation in this dynamic world and also skilled with sound technical background and knowledge to develop well computer based accounting in businesses and industries.

**OBJECTIVES OF BBM PROGRAM**

BBM Program is designed with the following objectives:

1. Skill development of students in various aspects like creative thinking, decision making, leadership communication and increase understanding of operation and change.
2. Develop students' entrepreneurial and innovative capabilities and successful management of business operation in this dynamic world.
3. Prepare students for professional life for working as a business manager and entrepreneur by being fully aware of work ethics and morals
4. Help and motivate students to pursue their further studies in this field.

**WHY BBM?**

The BBM Graduates are enrolled in almost all sectors.

- Business Consultants
- Business Management Professional
- Business Researcher
- Financial Managers
- Human Resource Manager
- Information Systems Managers
- Management Accountants
- Marketing Managers
- Research and Development Managers

## Program Highlights

For those students who are willing to pursue higher study in MBA OR MBM are also highly benefitted by the course structure of BBM .This course is also favorable for those who are interested in going abroad.

**Special Features of the BBM in MMAM Campus**

- Excellent and peaceful academic environment.
- Highly qualified and well-experienced faculties.
- Audio-Visual teaching aids (Multimedia projectors)
- Affordable fee structure
- Well managed infrastructure and library
- Campus provides all books and library Facilities.
- Net (Wifi) Facilities.

**EXAMINATION AND EVALUATION**

The performance of students will be evaluated through ongoing in-semester evaluations and semester-end examinations. The FOM shall have the final authority in conducting evaluation and awarding grades in semester-end examinations. The course facilitator (Instructor) shall decide the grades in the in-semester evaluations.

**ELIGIBILITY FOR ADMISSION**

Candidates applying for BBM Program will be eligible for the CMAT on the condition that h/she has fulfilled the following criteria.

- ✓ Minimum Grade D+ in all the subjects of 11 and 12 with secured minimum 1.80 CGPA or more.
- ✓ Complied with all the application procedures.
- ✓ Should have passed in the preliminary CMAT.

**ADMISSION CRITERIA**

Admissions of the students in BBM Program of Tribhuvan University will be strictly on the basis of merit.The merit list is prepared on the basis of

1. 60% of CMAT Entrance Examination
2. 30% of marks secured in percentage in plus two or equivalent
3. 10% of Interview

**Carrier prospect**

Students practice business education and learn skills which help them to understand diverse management and administrative roles. Various Institutions seek qualified and smart business administration graduates for managing their businesses. BBM degree holder can have easy access to lots of jobs in banks and other financial institutions, manufacturing industries, service industries, cooperatives, marketing firms, healthcare institutions, academic institutions & government organizations. This degree also offers you higher studies to specialize in core management areas in your Master or PhD courses.

# आगामी अङ्कको विशेष आकर्षण

**स्थापनाकाल**
**वि.सं. २०१२ देखि**
**हालसम्मका**
**क्याम्पस प्रमुखहरूको**
**परिचय**

अवश्य पढ्नुहोस्...



# स्नातक तहमा निम्न कार्यक्रममा
# भर्ना खुल्यो...

- BBA, BBM, BPA, BBS,
- B.Sc.CSIT, B.Sc. (Physics & Biology Group),
  B.Sc. Micro Biology,
  B.Sc. Meteorology
- BA, BSW, R.D., Mass Communication, BCA
- B.Ed.